# वैतेश्वर राजपत्र


**वैतेश्वर गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ९) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल श्रावण ५ गते २०८३ (संख्या २**


**भाग २**

## वैतेश्वर गाउँपालिकाको जीवन चक्रमा आधारित सामुदायिक स्वास्थ्य कार्यक्रम कार्यसंचालन कार्यविधि, २०८३

**(गाउँ सभाबाट पारित)**

(गाउँ सभाबाट स्वीकृत मितिः२०८३।०३।१५)

**प्रस्तावना :** नेपाल सरकारले तोकेको खर्च मापदण्ड, प्रचलित आर्थिक ऐन-नियम तथा उपलब्ध गराइएको ओएण्डएम (O&M) सर्वेक्षण प्रतिवेदनका आधारमा **"जीवन चक्रमा आधारित सामुदायिक स्वास्थ्य कार्यक्रम"** को खर्च गर्ने प्रक्रिया र मापदण्डलाई थप परिमार्जन गरी तयार गरिएको हो।

### परिच्छेद-१ः प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

- यस कार्यविधिको नाम **"जीवन चक्रमा आधारित सामुदायिक स्वास्थ्य कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** रहनेछ।
- यो कार्यविधि वैतेश्वर गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ.

**२. परिभाषाः**

- **"गाउँपालिका"** भन्नाले वैतेश्वर गाउँपालिका सम्झनु पर्दछ ।

- **"कार्यक्रम"** भन्नाले जीवन चक्रमा आधारित सामुदायिक स्वास्थ्य कार्यक्रम सम्झनु पर्दछ।
- **"नर्स (CHN)"** भन्नाले पाँचौं तहमा कार्यरत सामुदायिक स्वास्थ्य नर्स सम्झनु पर्दछ।
- **"कार्यकर्ता (CHW)"** भन्नाले चौथो तहमा कार्यरत सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्दछ।
- **"साझेदार संस्था"** भन्नाले धुलिखेल अस्पताल र पोसिबल संस्था सम्झनु पर्दछ।

## परिच्छेद-२ः कार्यक्रमको उद्देश्य तथा वित्तीय स्रोत

### ३. उद्देश्यहरूः

- घरपरिवार स्वास्थ्य प्रोफाइल निर्माण गरी समयमै समस्या पहिचान र प्रेषण सुनिश्चित गर्ने,
- प्रजनन, मातृ, नवजात तथा बाल स्वास्थ्य सुधार गर्ने,
- बिरामी दर तथा मृत्यु दर घटाउने,
- दीर्घरोगीहरूको नियमित अनुगमन र नियन्त्रण गर्ने,
- स्वास्थ्य सेवाको पहुँच, गुणस्तर तथा प्रभावकारिता अभिवृद्धि गर्ने ।
- कार्यक्रमलाई क्रमशः गाउँपालिकाको पूर्ण स्वामित्वमा हस्तान्तरण गर्दै दिगो बनाउने।

### ४. स्रोतको सुनिश्चितता र साझेदारीः

- यस कार्यक्रमका लागि आवश्यक बजेट वैतेश्वर गाउँपालिका, धुलिखेल अस्पताल र पोसिबल संस्थाको संयुक्त लगानी (Cost-sharing) बाट व्यहोरिनेछ ।
- साझेदार संस्थाबाट प्राप्त हुने रकम गाउँपालिकाको सञ्चित कोष वा तोकिएको निर्देशिका बमोजिमको खातामा जम्मा गरी सरकारी लेखा प्रणाली (प्रचलित सुत्र - SuTRA) मार्फत मात्र खर्च गरिनेछ (तलव रकमको हकमा मात्र )।

## परिच्छेद-३ः जनशक्ति तथा दरबन्दी तेरिज

### ५. स्वीकृत अस्थायी दरबन्दीः

कार्यक्रम सञ्चालनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) बमोजिम देहाय अनुसारको अस्थायी दरबन्दी कायम रहनेछ:

| क्र.स. | पद | तह | न्यूनतम योग्यता | दरबन्दी संख्या | कार्यक्षेत्र/जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | सामुदायिक स्वास्थ्य नर्स (CHN) | ५ औं | PCL Nursing + नर्सिङ काउन्सिल दर्ता | १ जना | सुपरिवेक्षण र समग्र कार्यक्रम व्यवस्थापन समन्वय |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सामुदायिक स्वास्थ्य कार्यकर्ता (CHW) | ४ औं | SEE उत्तीर्ण | ९ जना | समुदायमा प्रत्यक्ष स्वास्थ्य सेवा, घरधुरी दर्ता, मानसिक स्वास्थ्य र CHT डाटा संकलन |
| **जम्मा** | | | | **१० जना** | |

## परिच्छेद-४ः खर्चका मापदण्ड तथा भुक्तानी प्रक्रिया

यस कार्यक्रम अन्तर्गत हुने सम्पूर्ण खर्चहरू **नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक, भत्ता, सार्वजनिक खरिद ऐन/नियमावली तथा स्थानीय तहको आर्थिक ऐन** बमोजिम देहायका मापदण्डका आधारमा गरिनेछः

### ६. मानव स्रोत खर्च (Salary & Benefits) मापदण्डः

कर्मचारीहरूको पारिश्रमिक तथा सुविधाहरू O&M प्रतिवेदनमा तोकिए बमोजिम र नेपाल सरकारको स्वीकृत Scale नबढने गरी निम्न अनुसार भुक्तानी गरिनेछ:

- **पारिश्रमिक (मासिक तलब)**ः ४ औं तह (९ जना कार्यकर्ता) तलब सम्झौतामा उल्लेख भए बमोजिमको ।
    - ५ औं तह (१ जना नर्स) तलब सम्झौतामा उल्लेख भए बमोजिम ।
- **पोशाक भत्ताः** सम्झौतामा उल्लेख भए बमोजिमको भुक्तानी दिइनेछ ।
- **चाडपर्व खर्चः** सम्झौतामा उल्लेख भए बमोजिमको नियम बमोजिम १ महिनाको खाइपाइ आएको तलब बराबरको रकम वर्षमा एक पटक उपलब्ध गराइनेछ.
- **कुल वार्षिक मानव स्रोत दायित्वः** ४ औं तहका लागि ९ जनाको लागि र ५ औं तहका १ जनाको लागि गरी कुल जम्मा १० वित्तीय दायित्व यसै मापदण्ड तथा प्रचलित कानूनको आधारमा खर्च गरिनेछ ।

### ७. पारिश्रमिक भुक्तानीका सर्तहरूः

- **बैंक खाता मार्फत भुक्तानीः** सबै कर्मचारीको पारिश्रमिक तथा भत्ताहरू अनिवार्य रूपमा निजहरूको व्यक्तिगत बैंक खातामा मात्र जम्मा गरिनेछ (नगद भुक्तानी गरिने छैन)।
- **कार्यसम्पादन र हाजिरी लिंकः** मासिक रूपमा तलब भुक्तानी गर्नुअघि सामुदायिक स्वास्थ्य नर्स (CHN) ले प्रमाणित गरेको हाजिरी र CHT (Community Health Toolkit) मोबाइल एपको डाटा तथा प्रगति प्रतिवेदन स्वास्थ्य शाखा प्रमुखबाट स्वीकृत भएको हुनुपर्नेछ ।

### ८. क्षमता विकास तथा तालिम खर्च मापदण्डः

- स्वीकृत कार्ययोजना अनुसार साझेदार संस्थाको सहयोगमा कर्मचारीहरूको क्षमता विकास कार्यक्रमको खर्च व्यवस्थापन गरिनेछ ।
- तालिम अवधिमा दिइने भत्ता, खाजा/खाना र हल भाडा खर्च नेपाल सरकारको स्थानीय तह खर्च मापदण्ड निर्देशिका मा तोकिएको दररेट भन्दा बढी नहुने गरी भुक्तानी गरिनेछ।

**९. भ्रमण तथा सुपरिवेक्षण खर्चः**

- सामुदायिक स्वास्थ्य नर्स (CHN) ले कार्यकर्ताहरूको प्रत्यक्ष सुपरीवेक्षण र वडा स्वास्थ्य संस्थाहरूसँग समन्वय गर्नका लागि जाने फिल्ड भ्रमणको दैनिक तथा भ्रमण भत्ता (TA/DA) नेपाल सरकारको भ्रमण खर्च नियमावलीको दररेट बमोजिम स्वास्थ्य शाखा प्रमुखको पूर्वस्वीकृति लिएर मात्र भुक्तानी पाउनेछन् ।

**१०. प्राविधिक तथा स्वास्थ्य सामग्री खरिदः**

- सामूहिक गर्भ जाँच (Group ANC) र भिडियो एक्स-रे (USG) सेवा प्रवाहका लागि आवश्यक पर्ने औषधी, मेडिकल उपभोग्य सामग्री वा उपकरण खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली को प्रकृया पालना गरी खरिद र भुक्तानी गरिनेछ वा सामाग्री सोधभर्ना वा अन्य साझेदार निकायबाट हस्तान्तरण गरि लिइनेछ ।

## परिच्छेद-५: वित्तीय उत्तरदायित्व, लेखापरीक्षण र प्रतिवेदन

**११. खर्चको अख्तियारीः**

- वार्षिक बजेट पारित भएपश्चात प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा प्रमुखलाई खर्चको अख्तियारी प्रदान गर्नेछन् । स्वास्थ्य शाखा प्रमुखको सिफारिस र आर्थिक प्रशासन शाखाको परीक्षण पछि मात्र भुक्तानी निकासा हुनेछ।

**१२. वित्तीय प्रतिवेदनः**

- सामुदायिक स्वास्थ्य नर्स (CHN) ले मासिक वित्तीय कार्यहरू व्यवस्थापन गरी प्रत्येक महिना समाप्त भएको ७ दिनभित्र खर्चको फाँटवारी र प्रगति प्रतिवेदन स्वास्थ्य शाखा र साझेदार संस्थामा बुझाउनुपर्नेछ ।

**१३. लेखापरीक्षणः**

- यस कार्यक्रम अन्तर्गत भएका सबै खर्चहरूको स्रेस्ता म.ले.प फारम र खर्च स्रेस्ता सरकारी ढाँचामा राखिनेछ।

- गाउँपालिकाबाट भएको खर्चहरूको आन्तरिक र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालय (नेपाल सरकार) को नियम र परिधिभित्र रही गराइनेछ ।

## परिच्छेद-६ः विविध

### १४. बाधा अड्काउ फुकाउनेः

- नेपाल सरकारको खर्च मापदण्ड वा दररेट परिमार्जन भएमा सोही बमोजिम यस कार्यविधिको खर्च मापदण्ड स्वतः परिमार्जन भएको मानिनेछ। अन्य कुनै द्विविधा भएमा गाउँ कार्यपालिका तथा गाउँसभाको निर्णय अन्तिम हुनेछ । यो कार्यविधि साझेदार संस्थाहरुसँग समन्वय रहेसम्म तथा MoU मा अवधिभर मान्य हुनेछ र त्यसपछि स्वत खारेज हुनेछ ।

### अनुसूची - १ः वार्षिक वित्तीय अनुमान तथा बजेट विवरण (O&M मा आधारित)

(कार्यविधिको दफा ७ सँग सम्बन्धित)

यस कार्यक्रम सञ्चालनका लागि नेपाल सरकारले स्वीकृत गरेको दररेट र संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम थपिने कुल वार्षिक आर्थिक भारको विवरण निम्न बमोजिम रहेको छ:

| क्र.स. | पद / श्रेणी | स्वीकृत दरबन्दी | मासिक तलब (रु) | वार्षिक तलब (रु) | वार्षिक पोशाक भत्ता (रु) | वार्षिक चाडपर्व खर्च (रु) | कुल वार्षिक बजेट (रु) |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक स्वास्थ्य कार्यकर्ता (४ औं तह) | ९ जना | सम्झौतामा उल्लेख भएबमोजिम | सम्झौतामा उल्लेख भएबमोजिम | सम्झौतामा उल्लेख भएबमोजिम | सम्झौतामा उल्लेख भएबमोजिम | सम्झौतामा उल्लेख भएबमोजिम |
| २ | सामुदायिक स्वास्थ्य नर्स (५ औं तह) | १ जना | सम्झौतामा उल्लेख भएबमोजिम | सम्झौतामा उल्लेख भएबमोजिम | सम्झौतामा उल्लेख भएबमोजिम | सम्झौतामा उल्लेख भएबमोजिम | सम्झौतामा उल्लेख भएबमोजिम |

साझेदारी सम्झौता (MoU) बमोजिम कुल रकमको तोकिएको हिस्सा वैतेश्वर गाउँपालिका, धुलिखेल अस्पताल र पोसिबल संस्थाले बेहोर्नेछन् । वैतेश्वर गाउँपालिकाको हकमा MoU मा उल्लेख भएबमोजिम हुनेछ ।

## अनुसूची - २: कार्यक्रम कार्यान्वयन तथा खर्च समयतालिका (Action Plan)

(कार्यविधिको दफा ८ सँग सम्बन्धित)

कार्यक्रमलाई सफलतापूर्वक सञ्चालन गर्न र बजेट खर्चको पारदर्शिता कायम बमोजिमको समयतालिका (Timeline) लागू गरिनेछ:

| क्र.स. | कार्य विवरण (Activities) | जिम्मेवार निकाय/अधिकारी | कार्यसम्पन्न गर्नुपर्ने अवधि | खर्च व्यवस्थापन विन्दु |
|---|---|---|---|---|
| १ | कार्यक्रम सञ्चालनको लागि पूर्वस्वीकृति लिने | स्वास्थ्य शाखा प्रमुख / प्रमुख प्रशासकीय अधिकृत | आवश्यकताअनुसार | प्रशासनिक / चालु खाता |
| २ | भौतिक स्रोत साधन, औषधी र उपकरणको सुनिश्चितता (मोबाइल,तौल नाप्ने मेसिन, BP Kit आदि) | स्वास्थ्य शाखा / आर्थिक प्रशासन शाखा | आवश्यकताअनुसार | सार्वजनिक खरिद बजेट शीर्षक |
| ३ | जनशक्ति पदपूर्तिको लागि विज्ञापन प्रकाशन | गाउँ कार्यपालिका / प्रशासन शाखा | आवश्यकताअनुसार | प्रशासनिक खर्च |
| ४ | योग्यता पुगेका जनशक्तिको छनोट र पदपूर्ति | छनोट समिति / पदपूर्ति समिति / सामुदायिक स्वास्थ्य कार्यक्रम सल्लाहकार समिति | आवश्यकताअनुसार | प्रशासनिक खर्च |
| ५ | क्षमता विकास तथा प्राविधिक अभिमुखीकरण तालिम सञ्चालन | सामुदायिक स्वास्थ्य नर्स (CHN) / धुलिखेल अस्पताल | आवश्यकताअनुसार | स्वीकृत तालिम बजेट शीर्षक |
| ६ | फिल्डमा घरदैलो, सर्वेक्षण र नियमित कार्यप्रारम्भ | सामुदायिक स्वास्थ्य कार्यकर्ता (CHW) | आवश्यकताअनुसार | नियमित पारिश्रमिक तथा चालु खर्च |
| ७ | मासिक भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन पेश गर्ने | सामुदायिक स्वास्थ्य नर्स (CHN) | आवश्यकताअनुसार | अनुगमन तथा प्रतिवेदन शीर्षक |
| ८ | नियमित सहयोगी सुपरिवेक्षण | स्वास्थ्य शाखा\ सामुदायिक स्वास्थ्य नर्स (CHN)\धुलिखेल अस्पताल | सामुदायिक स्वास्थ्य कार्यक्रम निर्देशिका अनुरुप | अनुगमन तथा प्रतिवेदन शिर्षक |

| | | | | |
|---|---|---|---|---|
| ९ | डाटा व्यस्थापन र विश्लेषण | सामुदायिक स्वास्थ्य नर्स (CHN) / धुलिखेल अस्पताल | नियमित | साझेदार संस्था |
| १० | कार्यक्रमको त्रैमासिक तथा वार्षिक समिक्षा | स्वास्थ्य शाखा / सामुदायिक स्वास्थ्य नर्स (CHN) / धुलिखेल अस्पताल | स्वास्थ शाखाको नियमित समिक्षा तालिका | |

**अनुसूची - ३ः खर्च स्वीकृतिको लागि पेश गरिने भुक्तानी फाइलको चेकलिस्ट**

(कार्यविधिको दफा ७ र दफा १२ सँग सम्बन्धित)

कर्मचारीको मासिक पारिश्रमिक तथा कार्यक्रम खर्च भुक्तानी गर्दा नेपाल सरकारको आर्थिक नियमावली र आन्तरिक नियन्त्रण प्रणाली बमोजिम देहायका कागजातहरू संलग्न हुनुपर्नेछः

**क) मासिक पारिश्रमिक भुक्तानीका लागि चेकलिस्टः**

- सामुदायिक स्वास्थ्य नर्स (CHN) द्वारा प्रमाणित गरिएको मासिक हाजिरी विवरण ।
- सम्बन्धित वडा स्वास्थ्य संस्था वा स्वास्थ्य शाखा प्रमुखद्वारा स्वीकृत कार्यसम्पादन प्रतिवेदन ।
- CHT (Community Health Toolkit) मोबाइल एपमा तथ्याङ्क प्रविष्टि भएको विवरण नर्सद्वारा प्रमाणीकरण पत्र ।
- कर्मचारीको व्यक्तिगत बैंक खाता नम्बर सहितको पारिश्रमिक माग फाराम ।

**ख) तालिम, भ्रमण तथा सामग्री खरिद भुक्तानीका लागि चेकलिस्टः**

- स्वीकृत भ्रमण आदेश र भ्रमण प्रतिवेदन (TA/DA को हकमा)।
- नेपाल सरकारको सार्वजनिक खरिद ऐन बमोजिमको खरिद आदेश, कोटेशन, दाखिला प्रतिवेदन (MSR) र सक्कल बील भर्पाई (औषधी/सामग्री खरिदको हकमा)।
- तालिम सञ्चालन भएको फोटो, सहभागीहरूको हस्ताक्षर र कार्यशाला प्रतिवेदन (तालिम खर्चको हकमा)।

## अनुसूची - ४: कार्यविवरण (Job Description)

(क) सामुदायिक स्वास्थ्य नर्स (CHN) — ५ औँ तह

प्रतक्ष्य प्रतिवेदन गर्ने : जनस्वास्थ्य अधिकृत, धुलिखेल अस्पताल स्वास्थ्य संयोजक, स्वास्थ्य शाखा , स्थानीय तह

प्रत्यक्ष निर्देशन गर्ने : सामुदायिक स्वास्थ्य कार्यकर्ता (सामुदायिक स्वास्थ्य कार्यकर्ता)

मुख्य जिम्मेवारीहरू:

- सामुदायिक स्वास्थ्य कार्यकर्ताहरूको सुपरिवेक्षण, सहयोग र प्रत्यक्ष व्यवस्थापन गर्ने।
- सामुदायिक स्वास्थ्य कार्यकर्ताहरूलाई प्रजनन मात्री तथा शिशु स्वास्थ्य , मानसिक स्वास्थ्य र सामुहिक गर्भ जाँच कार्यक्रम सञ्चालनमा प्रशिक्षण र सहयोग प्रदान गर्ने।
- मासिक तथ्यांक समीक्षा गरी सामुदायिक स्वास्थ्य कार्यकर्ता र कार्यक्रमको कार्यसम्पादन अनुगमन गर्ने।
- सामुहिक गर्भ जाँच कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा (भिडियो एक्स-रे) सेवा प्रदान गर्ने।
- स्थानीय तह र अन्य सरोकारवालासँग समन्वय गर्ने।
- मासिक वित्तीय कार्यहरू व्यवस्थापन गर्ने र समयमै प्रतिवेदन पेश गर्ने।

(ख) सामुदायिक स्वास्थ्य कार्यकर्ता (सामुदायिक स्वास्थ्य कार्यकर्ता) ‘ ४ औँ तह

प्रतिवेदन गर्ने: सामुदायिक स्वास्थ्य नर्स (CHN), धुलिखेल अस्पताल , स्थानीय वडा स्वास्थ्य संस्था

सहयोगात्मक सुपरिवेक्षण: सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका

मुख्य जिम्मेवारीहरू:

१. समुदायमा घरमा आधारित प्रजनन मात्री तथा शिशु स्वास्थ्य र मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने:

- घरधुरी सर्वेक्षण सञ्चालन, अद्वितीय घरधुरी परिचय नम्बर प्रदान र डिजिटल प्रणालीमा दर्ता गर्ने।
- त्रैमासिक रूपमा पिसाब परीक्षण (UPT) गरी समुदायमा गर्भावस्थाको शीघ्र पहिचान गर्ने।
- गर्भवती र सुत्केरी महिला तथा दुई वर्षमुनिका बालबालिकाको मासिक घरभेट गरी स्वास्थ्य जाँच, परामर्श र प्रेषण गर्ने।
- स्वास्थ्य संस्थामा Group ANC कार्यक्रम सञ्चालनमा सहयोग गर्ने।
- दीर्घरोगी बिरामीको नियमित अनुगमन र परामर्श गर्ने।

२. समुदाय र स्वास्थ्य संस्था बीच सेतुको भूमिका निर्वाह गर्नेः

- बिरामीको उचित स्वास्थ्य संस्थामा समयमै प्रेषण सुनिश्चित गर्ने।
- आफ्नो कार्यक्षेत्रका सबै गर्भवती महिलालाई सामुहिक गर्भजाँच मा सहभागी गराउने।
- समुदायमा उपलब्ध स्वास्थ्य सेवाबारे जानकारी प्रदान गर्ने।

३. डाटा व्यवस्थापन र संस्थागत संस्कृतिमा सहभागिताः

- CHT (Community Health Toolkit) मोबाइल एप र सबै कार्यक्रम फाराम दक्षतापूर्वक प्रयोग गर्ने।
- उच्च गुणस्तरको डाटा संकलन, शुद्धता र गोपनीयता कायम राख्ने।
- मासिक सूचकाङ्कको गणना गरी सुधारका लागि कार्यक्रम बनाउने।
- मासिक बैठकमा सक्रिय सहभागिता र नियमित समीक्षा।

आज्ञाले
महेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बैतेश्वर गाउँपालिका